# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९



दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं

नगर सभाबाट स्वीकृत मिति: 2079/03/30

# विषय सूची


१.पृष्ठभूमि ........ १

१.१ नगरपालिकाको संक्षिप्त परिचय ........ १

२.अवस्था विश्लेषण ........ २

२.१. SWOT विश्लेषण ........ २

२.२. सरोकारवाला पहिचान ........ ४

२.३. लक्षित वर्ग पहिचान ........ ५

३. दीर्घकालिन सोच (Vision) ........ ५

४. ध्येय (Mission) ........ ५

५. लक्ष (Goal) ........ ५

६. उदेश्य (Objectives) ........ ६

७. लैङ्गिक तथा सामाजिक समावेशी रणनीति (GESI Policy) ........ ६

८. लैससास रणनीति (GESI Strategy) ........ ७

८.१ मूलप्रवाहिकरण ........ ७

८.२ समावेशीकरण ........ ७

८.३ स्थानीयकरण ........ ७

८.४ सशक्तिकरण ........ ८

८.५ सचेतीकरण ........ ८

८.६ संस्थागत संरचना ........ ८

८.७ समन्वय ........ ८

८.८ सहकार्य ........ ८

८.९ सहजीकरण ........ ९

८.१० सामाजिक सुरक्षा ........ ९

८.११ अनुगमन मूल्याङ्कन ........ ९

९. रणनीतिक कृयाकलापहरु: ........ १०

१०. वित्त व्यवस्थापन ........ १९

११. कानूनी व्यवस्था ........ १९

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ १९

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ........ २०

१४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु ........ २०

१४.१ सम्भाव्य जोखीमहरु: ........ २०


मोहर हस्ताक्षर
नगर प्रमुख

१४.२ जोखीम न्यूनीकरणका उपायहरु: ........ २१

१५. निष्कर्षः ........ २१

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

मोहन बस्नेत
नगर प्रमुख

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## १. पृष्ठभूमिः

हाम्रो संविधानको प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसै गरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक धारा ४२ मा सामाजिक न्याय को हकको व्यवस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, सामाजिक समावेशीकरण नीति, २०७८ नमुना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी (संहिता), २०७४ र मुलुकी अपराध (संहिता), २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरूको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रिया सँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद व्यस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तर मा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न दक्षिणकाली नगरपालिका बाट यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" तयार गरिएको छ ।

### १.१ नगरपालिकाको संक्षिप्त परिचयः

बागमती प्रदेशको १३ वटा जिल्लाहरुमध्यको एक जिल्ला र देशको राजधानी काठमाडौं शहरबाट करिब १८ कि.मि.दक्षिण भेगमा यस नगरपालिकाको कार्यायलय अवस्थित छ । यस नगरपालिकाको क्षेत्रफल ४२.६८



मोहन बस्नेत
नगर प्रमुख

वर्ग कि.मी. र केन्द्रीय तथ्याङ्क विभाग, २०७८ अनुसार जनसंख्या २६,७४४ रहेकोमा महिला १३,५६५ र पुरुष १३,१७९ रहेको छ । यस नगरपालिकामा धार्मिक तथा ऐतिहासिक पवित्र शक्ति पिठ, हिन्दु तथा बौद्ध धार्मिक स्थल, जैविक विविधता, प्राकृतिक सम्पदाले भरपूर्ण र विविध जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुको साझा बसोबास रहेको छ । प्राकृतिक श्रोत साधनको रुपमा जल, जंगल, जमिन, कृषि, जडिवुटी, पर्यटन, ढुंगागिट्टी वालुवा लगायत मानव स्रोत नै नगरपालिकाको आन्तरिक स्रोत हो ।

## २. अवस्था विश्लेषण:

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१. SWOT विश्लेषण:

दक्षिणकाली नगरपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### क. बलियो पक्ष (Strength):

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको ।
२. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीति गतरुपमा लैससासलाई सम्बोधन भएको ।
३. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको ।
४. विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने प्रबन्ध मिलाइएको ।
५. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३५% भन्दा वढी भएको ।
६. स्थानीय तहको पदाधिकारीहरुमा उप प्रमुख-१, महिला सदस्य-१५ कार्यापालिका सदस्य मनोनित-१ र शाखा प्रमुख -५ जना महिला कर्मचारी रहेको ।
७. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
८. बेरोजगार तथा गरिबहरुको खण्डिकृत अभिलेख अद्यावधिक भएको ।
९. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्विनय भएको ।
१०. लैङ्गिक हिंसा निवारण, महिला सीपविकास, नेतृत्व विकासको श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।
११. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।



मोहन बस्नेत
नगर प्रमुख

१२. प्रजनन स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्यस चेतना कार्यक्रम संचालन भएको ।

१३. लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको ।

१४. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति मार्फत विना खर्च न्याय पाएको।

१५. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा वाँधिएको ।

१६. लैंगिक समानता, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा तथा समावेशीकरण सम्बन्धी नीति नीति तथा कार्यक्रमा समावेश गरिएको ।

१७. लैगिक हिंसा निवारण कोष (रु.१ लाख को) स्थापना गरेको ।

ख. कमजोर पक्षः

१. कानुन मस्यौदा गर्दा, पास गर्दा र योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण गरिएको नदेखिएको ।

२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

३. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।

४. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

५. उपभोक्ता समितिहरुमा महिला सहभागिता ३३ प्रतिशत गरे पनि लक्षित समूहका प्रतिनिधि अनिवार्य नगरिएको ।

६. महिला पुरुष बिचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

७. कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको।

८. स्थानीय तहका सबै पदाधिकारीहरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका बारेमा अभिमुखीकरण नभएको ।

९. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा हुन नसकेको ।

१०. नगरपालिका तथा सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

११. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

१२. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।

१३. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषयवस्तु आदि प्रकाशन नभएको ।

ग. अवसर:

१. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र सांस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने सकिने ।

२. आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा हुनु ।

३. विभिन्न गैह्र सरकारी संघ संस्थाहरु लैससासलाई कार्यक्षेत्रको रुपमा स्थानीय तहमा सहकार्य गर्नु ।

४. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु । (जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह सञ्चालनका बारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने) ।

५. स्वास्थ्य वीमा कार्यक्रमलाई सबै घर धुरीमा पुर्याउन विशेष महत्व दिई काम गरिरहेको,

६. एक घण्टाको पहुँच भित्र सबै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु । सबै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने ।

७. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।

८. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।

घ. चुनौतीहरु:

१. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति बनाउन कठिन ।

२. जातको आधारमा हुने विभेदलाई पुर्णरुपमा निरुत्साहन गर्न कठिनाई रहेको ।

३. ज्याला मजदुरी र कृषि पेशामा विशेष गरी समान कामको लागि समान ज्याला दिन नसक्नु ।

४. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुनसक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

## २.२. सरोकारवाला पहिचान:

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वियनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने, दोश्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकार वालाहरु ) | दोश्रो माध्यमवाट सम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष सम्पर्क हुनेहरु (तेश्रो नं का सरोकार वालाहरु ) |
|---|---|---|
| महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वाल क्लवहरु | भूमी व्यवस्था आयोग |

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकार वालाहरु ) | दोश्रो माद्यमवाट सम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष सम्पर्क हुनेहरु (तेश्रो नं का सरोकार वालाहरु ) |
|---|---|---|
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सबै वडा कार्यालयहरु | गैह्र सरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ/नगरकार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ/नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सबै | संचार माद्यमहरु | राष्ट्रियस्तरका संचार माद्यमहरु |

## २.३. लक्षित वर्ग पहिचानः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ ।

| महिला | एकल महिला | बालबालिका | विपन्न वर्ग | लैङ्गिक तथा यौनिक अल्पसंख्यक |
|---|---|---|---|---|
| जेष्ठ नागारिक | आदिवासी जनजाती | मुस्लीम | सुकुम्वासी | सडक वाल वालिकाहरु |
| अल्पसंख्यक/लोपोन्मुख | कमैया | किसान | मधेसी | अपाङ्गता भएका व्यक्ति |
| मजदुर | द्वन्द्वपिडित | एकल पुरुष | | पिछडिएको क्षेत्र र समुदाय |

## ३. दीर्घकालिन सोच (Vision):

"आत्मनिर्भर एवम विकासित समानतामा आधारित सामाजिक न्याय सहितको समतामूलक दक्षिणकाली नगरपालिका निर्माण गर्ने"

## ४. ध्येय (Mission):

लैससास सम्वन्धित लैंगिक, जातिय, धार्मिक तथा अन्य विविधताहरु बिच एकता कायम गर्दै समन्वय, सहकार्य र सद्भाव कामय गराउने ।

## ५. लक्ष (Goal):

लैंगिक तथा समाजिक समतामुलक विकासको माध्यबाट लैङ्गिक र सामाजिक सम्बन्धमा सुधार ल्याई गरिबी, असमानता र विभेदको अन्त्य गर्ने ।

मोहन बस्नेत
नगर प्रमुख

## ६. उद्देश्य (Objectives):

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीयतले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उद्देश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूलप्रवाहीकरण गर्ने ।

४. नीति कानूनमा नै महिला तथा लक्षितवर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइसँग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्रेर प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीक रणनीति (GESI Policy):

माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

- वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन सँग सम्बन्धीत सबै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
- हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमीकमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
- महिला तथा बालबालिकासँग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।
- पालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला,बालबालिका,यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठ नागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
- लैससासवारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यविधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्षरुपमा संवोधन गर्दै लैजाने ।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोषस्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगाय तक्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।
- लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
- बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
- मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षितवर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।
- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेशगरी छलफल गर्ने ।
- शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सगं सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy):

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८.१ मूलप्रवाहिकरणः

- महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि, कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरणः

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र सँग सम्बन्धीत सबै कृयाकलापहरुमा अर्थ पूर्ण सहभागिता गराई समावेशी शासनप्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरणः

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरि आवश्यक प्रतिफल हाँसिल गर्ने ।



मोहन बस्कोटा
नगर प्रमुख

८.४ सशक्तिकरण:

- लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सबै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।
- स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा बञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।
- कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

८.५ सचेतीकरण:

- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीताका वारेमा सबै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथापरिणाममा एकरुपता ल्याउने ।
- समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

८.६ संस्थागत संरचना:

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

८.७ समन्वय:

- विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजनातर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदार हरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

८.८ सहकार्य:

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बिच सहकार्य गर्ने ।



मोहन बस्नेत
नगर प्रमुख

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु सँग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

८.९ सहजीकरणः

- वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदायस्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचाला नगर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्र सरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

८.१० सामाजिक सुरक्षाः

- नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविको पार्जनमा सहयोग गर्दै लैजाने ।
- सामजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविको पार्जनमा सहयोग गर्दै लैजाने ।

८.११ अनुगमन मूल्याङ्कनः

- प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससासमैत्री वनाउदैलै जाने ।

मोहन बस्नेत
नगर प्रमुख

९. रणनैतिक कृयाकलापहरुः

| क्र सं | उद्देश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्टयाईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माणि मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासनसँग सम्बन्धीत सबै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने । | लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने । | १. लैससासमैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षितवर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वनय योजना अध्यावधिक गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>६. लैङ्गिक उत्तरदायी बजेट | १. वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२. लैससासमैत्री आवधिक योजना तयार भएको हुनेछ,<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षितवर्गको पूर्ण सहभागिता भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिका का वैठकका निर्णयहरु<br>५. सभाका बैठकका निर्णयहरु |



मोहन बस्नेत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तर्जुमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने । | | |
| २ | १. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | २. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | ३. विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र सँग सम्बन्धीत सबै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्न गर्दै लैजाने । | ४. लक्षित वर्गको छुट्टाछुट्टै प्रोपाइल तयार गरी लक्षित वर्गको<br>५. प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br>६. लक्षितवर्गलाई कानुन ले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने ।<br>७. संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने<br>८. नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % सहभागिता सुनिश्चित गर्ने<br>९. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकत पुरा गर्ने कार्यक्रम बनाउने | १०. लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ ।<br>११. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>१२. लक्षितवर्ग का लागि जीविकोपार्जन सशक्तिकरणका लागि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>१३. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ .<br>१४. लक्षित वर्गको व्यवहारिक र | १५. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>१६. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>१७. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>१८. कार्यपालिका तथा सभाका निर्णय हरु । |



मोहन बस्नेत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका सँग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. दीगो विकास लक्ष स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास र परिचालन गर्ने<br>२. बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने ।<br>३. उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वनयका लागि आवश्यक कानुन कार्यविधि वनाउने । | १. दीगो विकास लक्ष, महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धीसम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ । | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि बनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |



कोहिका बस्नेत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको संमावेशिता सुनिश्चित गर्ने। | गाउँपालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण का दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने ।<br>२. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>३. विगतमा बनेका कानून कार्यविधिलैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>४. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका विषयहरुलाई समावेश गर्ने।<br>५. सबै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | १.कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन<br>२. नयाँ वन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा वनिसकेका कानुनमा आवश्यक संसोधन भएको हुनेछ<br>१. महिला पुरुष सगै रैथाने र आप्रवासी कामदार हरु बिच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन । | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन। |
| ५ | संस्थागत व्यवस्था | १. लक्षित वर्ग विकासका | क. महिला, गरीबर बहिष्करणमा | १. संस्थागत जिम्मेवारी दिदा | १. शाखा प्रमुखमा | १. कार्यपालिकाका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम् लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संबोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागतप्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमासमान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री बनाउदै लैजाने । | तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२.लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने | महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६. लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रुसर रेडियो टिभि कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | |
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षितवर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारेमाकर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने। | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय |



मोहन बस्नेत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | । | | ५. लैङ्गिक हिंसा निवारण कार्यविधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकंन |
| ७ | अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने। | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सबै वडामा महिला कानूनी | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |



मोहना हस्तोत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | भएको हुनेछन । | |
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ सँग सम्बन्धीत सेवाप्रवाहमा लैससासलाई प्राथमितामा राखेर प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने। | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धीत सूचकहरु निर्माणगरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लोचरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भएनभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाईलै ससास मैत्री वनाउदै लैजाने। | १. आफ्नै घरवाट नीराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सबैलाइपुग्ने गरी निर्माण गर्ने ।<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने । | १. संभावना रहेका सबै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीपविकास तालीम संचालन भएको हुनेछ। | १. वार्षिक प्रगतीप्र तिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मुल्याङ्न फारमहरु |



मोहन बस्नेत
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६. अब वन्ने सबै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने रकार्यान्वयन गर्ने<br>७. जोखिमयूक्त काम गरेर जीवन निर्वाहगर्नुपर्ने गर्भवती महिलाहरुको लागि राहातप्याकेज ल्याउने<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपमा सामाजिक परिक्षण र नियमितरुपमा सार्वजानिक परीक्षण गर्ने | | |

मोहन बस्नेत
नगर प्रमुख

१०. वित्त व्यवस्थापनः

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

- लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।
- भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।
- लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तह सँग सहकार्य गर्न निर्देशन दिने ।
- स्थानीय तहको सिफारिसमा सहुलियतदरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन वैक तथा वित्तीय संघ संस्थाहरु सँग समन्वय गर्ने ।
- संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यकजन शक्ति परिचालन गर्ने ।
- सरकारी तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा दातृनिकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

११. कानूनी व्यवस्थाः

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नुपर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यकपर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिनाभित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्वः

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरु ले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्यसम्पादनको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका



मोहन बस्नेत
नगर प्रमुख

प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकता अनुसार विषयविज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्नसकिनेछ । यो स्थानीय तहमा कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु पर्नेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्थाः

क. रणनीति कार्यान्वयनको सम्बन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. स्थानीय तह भित्र कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षागर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलव्धि र समस्याहरु को पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघ संस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भएन भएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सोको समेत अनुगमन गरि प्रमुखप्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ।

## १४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ सम्भाव्य जोखीमहरुः

- पितृसत्तात्मक सोच हाबी रहेको सन्दर्भमा लैङ्गकि समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रम पुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।
- सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागितान हुँदा लैंगिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमनसही ढङ्गबाट नहुन सक्छ ।
- लैससास बहु पक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुन सक्छ ।
- लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्षजनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।
- विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बिच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुन्छ ।

मोहन बस्नेत
नगर प्रमुख

१४.२ जोखीम न्यूनीकरणका उपायहरुः

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने, विषय विज्ञहरु सँग नियमित परामर्श गर्ने र आवस्यक नीति, नियम तथा निर्देशिकाहरु निर्माण गरि कार्यान्वयन गर्ने ।

१५. निश्कर्षः

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । यो नगरपालिकामा बनेका नीति नियम कार्यविधिहरु अध्ययन गर्दा नीतिहरु वन्ने तर पूर्ण रुपमा कार्यान्वयन नहुने कुरा स्पस्ट रुपमा देखिएको छ त्यसैले वार्षिक रुपमा बनेका नीति नियम कार्यविधिहरु के कति कार्यान्वयन भए वा बाँकीछन् भन्ने कुरा पहिचान गर्ने गरि अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ दक्षिणकालि नगरपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्ग संगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्विनय गर्न सहज देखिन्छ ।

मोहन बस्नेत
नगर प्रमुख